Regd No.: 150799/065/066

राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड
Rapti Hydro and General Construction Limited
P.O. Box: 13961, Bluestar Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4100586, 01-4101140, 01-4222609

Ref NO: RHGCL/EL/57/082/83

मिति : पौष ०७, २०८२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष ०७, २०८२ गते सोमबार दिउँसोको ४:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८१/८२ को वार्षिक साधारण सभा मिति पौष २९, २०८२ (जनवरी १३, २०२६) गते मंगलबार बिहानको १०:३० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) हकप्रद शेयर निष्काशन गर्ने ।

ख) जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति पौष १५, २०८२ गते एक दिनको लागि बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति पौष १४, २०८२ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागि प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

भवदीय,

प्रवीन अधिकारी
परिपालन अधिकृत

Rapti Hydro and General Construction Ltd.
RHGC
Estd. 2065

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाण्डौं ।